आज मिति २०७६।०९।१८ गतेका दिन धवलागिरी गाउँपालिकाको सभा हलमा धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसी तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो।

**तपशिलः**

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. २, लुलाङ्ग |
| श्री पुर्म पुन | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमारी छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ्ग |
| श्री राजाराम उपाध्याय | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ६, मराङ्ग |
| श्री कलानिधी शर्मा | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ७, ताकम |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री गोविन्द सुनार | प्रमुख प्रशासकीय अधिकृत |

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७४

**प्रस्तावहरुः**

१. समपुरक कोष र विशेष कोषको योजना/कार्यक्रम छनौट सम्बन्धमा ।
२. Ambulance खरीदका लागि पेश्की रकम दिने सम्बन्धमा ।
३. हेम मा.वि. शिवाङ्गलाई पहिलो किस्ता उपलब्ध गराउने सम्बन्धमा ।
४. 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने सम्बन्धमा ।
५. समिति गठन सम्बन्धमा ।
६. तिजमेला कार्यक्रमको भुक्तानी सम्बन्धमा ।
७. भूकम्प सुरक्षा दिवस मनाउने सम्बन्धमा ।
८. अख्तियारी सम्बन्धमा ।
९. योजनाको नाम संसोधन सम्बन्धमा ।
१०. स्थानीय तह स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाण्डौको मिति २०७६।०९।०२ मा प्रकाशित सूचना अनुसार स्थानीय तहबाट आ.व. २०७७/०७८ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि समपुरक तथा विशेष अनुदान माग गर्न आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरु तयार गरी २०७६ पौष मसान्त भीत्र अनलाईन मार्फत राष्ट्रिय योजना आयोगमा पठाउन सूचना जारी गरिएकोमा यस गाउँपालिकाबाट देहाय वमोजिमका योजनाहरु समपुरक र विशेष अनुदानबाट कार्यान्वयन हुने गरी आवश्यक कागजात सहित पठाउने निर्णय गरियो ।

**देहायः**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | समपुरक माग रकम रु. | विशेष माग रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | एक घर एक धारा योजना | वडा नं. २, लुलाङ |  | २,००,००,००० | डि.पि.आर. भएको |
| २ | एक घर एक धारा योजना | वडा नं. ३, मुना |  | २,००,००,००० | डि.पि.आर. हुँदै |
| ३ | एक घर एक धारा योजना | वडा नं. ४, मुदी |  | २,००,००,००० | डि.पि.आर. हुँदै |
| ४ | एक घर एक धारा योजना | वडा नं. ६, मराङ |  | २,००,००,००० | डि.पि.आर. भएको |
| ५ | वन्चरे खानेपानी योजना | वडा नं. ७, ताकम | २,००,००,००० |  | डि.पि.आर. भएको |
| ६ | मुना स्वास्थ्य चौकी | वडा नं. ३, मुना | २,००,००,००० |  | लगत इष्टिमेट भएको |
| ७ | नमूना आवासिय मा.वि. सिवाङ्ग | वडा नं. ७, सिवाङ्ग | २,००,००,००० |  | डि.पि.आर. भएको |

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार मेशिनरी औजार खरीद अन्तरगत वजेट विनियोजन भई गाउँपालिकाको लागि एम्वुलेन्स खरीद प्रक्रिया अगाडी वढेकोमा एम्वुलेन्स

विक्रेता कम्पनीले अग्रिम पेश्की विना एम्वुलेन्स वुकिङ्ग गर्न नसकिने जानकारी गराएकोले एम्वुलेन्स विक्रेता कम्पनी सँग सम्झौता गरी पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिका अन्तरगत वडा नं. ७ मा अवस्थित नमूना आवासिय मा.वि. श्री हेम मा.वि. सिवाङ्गमा होस्टेल सञ्चालन तथा व्यवस्थापन गर्न गाउँपालिकाबाट वजेट विनियोजन भएकोमा गाउँपालिका र विद्यालय विच भएको सम्झौता वमोजिम पहिलो किस्ता रकम हेम मा.वि. सिवाङ्ग लाई उपलब्ध गराउने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा 'घ' वर्गको निर्माण व्यवसायी इजातपत्र पाउँ भनी श्री ओम पटेल धवलागिरी निर्माण सेवाले निवेदन पेश गरेकोमा 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि (संसोधन सहित), २०७५ को मापदण्ड पुरा गरेकोले उक्त निर्माण सेवा व्यवसायी फर्म/कम्पनीलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम पालिका स्तरीय योजनाहरु मध्ये सरसफाई संरचना (शौचालय) निर्माण अन्तरगत ट्वाइलेट प्यान, सिमेन्ट र पाइप वितरण शिर्षकमा रु.१२,५०,०००।– (अक्षरुपी वाह्र लाख पचास हजार रुपैया) विनियोजन भएको उक्त वितरण कार्यलाई समन्यायीक वनाउन तपशिल वमोजिमको छनौट आधार तथा मापदण्ड निर्माण गर्न देहाय वमोजिमको छनौट समिति चयन गर्ने निर्णय गरियो ।

<u>तपशिलः</u>

प्रमुख प्रशासकीय अधिकृत – संयोजक<br>
योजना अधिकृत – सदस्य<br>
लेखा अधिकृत – सदस्य<br>
इन्जिनियर – सदस्य<br>
जिन्सी – सदस्य सचिव

समितिले आफ्नो कार्यविधि बनाइ कार्यपालिकामा पेश गर्ने छ ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगतका विभिन्न वडाहरुमा सञ्चालन भएका २०७६ सालको तिज मेलाको रकम रु.१,७४,८३५।– (अक्षरुपी एक लाख चौहत्तर हजार आठ सय पैतिस रुपैया मात्र) मेला तथा महोत्सव शिर्षक भएको भुक्तानी दिने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावर तथा विपद् व्यवस्थापन शाखा) सिंहदरबार, काठमाण्डौको च.नं. २९४ मिति २०७६।०९।१६ को पत्र साथ प्राप्त गृह मन्त्रालयको च.नं. २३२ मिति २०७६।०९।१३ को पत्रको छाँया प्रती प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा यस गाउँपालिकामा २२ औं भूकम्प सुरक्षा दिवस मनाउन देहायका कार्यक्रम गर्ने निर्णय गरियो ।

देहायः

(क) विद्यालयमा भूकम्पबाट सुरक्षित हुने उपाय सम्बन्धी प्ले कार्ड सहित र्‍याली ।

(ख) डेमो प्रदर्शन ।

८. प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस गाउँपालिकाको वडा न. ६, मराङमा वडा कार्यालय भवन निर्माणका लागि तपशिल वमोजिमको स्थानीय जग्गा दाताले आफ्नो नाउँमा रहेको जग्गा ६ नं. वडा कार्यालय मराङको नाममा लिखत पास गरी प्रदान गर्न चाहेकोले उक्त जग्गा वडा कार्यालयको नाममा पास गर्नको लागि वडा अध्यक्ष श्री

राजाराम उपाध्याय वा वडा नं. ६ का वडा सचिव श्री वेदनाथ सुवेदी लाई अख्तियारी दिने निर्णय गरियो । साथै उक्त जग्गा नेपाल सरकारका नाउँमा प्राप्त हुने हुनाले उक्त जग्गा पास गर्दा लाग्ने खर्चको राजश्व मिनाहा गर्नका लागि जिल्ला समन्वय समिति मार्फत मालपोत कार्यालय म्याग्दीलाई सिफारिस गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

क. गर्वे पुनको नाती हरे पुनको छोरा म्याग्दी जिल्ला साविक मराङ गा.वि.स. वडा नं. ५ बस्ने लिल बहादुर पुनको नाउँमा रहेको मराङ गा.वि.स. वडा नं. ५/क कि.नं. ४२ क्षेत्रफल ३-१-२-१ मध्ये कि.का गरी क्षेत्रफल १-८-०-० दान स्वरुप निशुल्क प्राप्त गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथी छलफल गर्दा आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिका अन्तरगत वडा नं. ७, मच्छिममा पर्ने "तुसारे खाल्टा सिँचाई योजना"मा वजेट विनियोजन भएकोमा सिँचाईको लागि चाहिने पानी मुहानमा विवाद भै मुहान उपलब्ध हुन नसकी योजना कार्यान्वयन गर्न नसकिएकोले उक्त योजनाको विनियोजित वजेटमा कुनै हेरफेर नहुने गरी नाममात्र संसोधन गरी सोही वडा को सोही ठाउँमा पर्ने "खेल मैदान मर्मत तथा घेराबार" गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा सेनेटरी प्याड (वितरण तथा व्यव्स्थापन) कार्यविधि, २०७६ को दफा १४ को समितिको (ख) र (घ) मा देहाय वमोजिम सदस्य रहने गरी तोकी निजहरुलाई जानकारी गराउने निर्णय गरियो ।
देहायः

(क) तिल कुमारी के.सी. (कार्यपालिका सदस्य)

(ख) पूर्ण बहादुर भण्डारी (प्रधानाध्यापक – धनजनाता मा.वि.)

(ग) शान्ती सुवेदी (शिक्षक – धवलागिरी आधारभूत विद्यालय)

निर्णय प्रमाणित

गोविन्द सुवेदी
प्रमुख प्रशासकीय अधिकृत